देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
५ नं. प्रदेश, नेपाल
फोन नं. ०७१-५७७३०३, ०७१-५७७४०३, ०७१-५७७२९२

पत्र संख्या :
चलानी नं. : १६१९

मिति : २०७७।०३।२९

## सूचना सूचना सूचना

देवदह नगरपालिका को **नदिजन्य पदार्थ उत्खनन् ब्यवस्थापन एवं नियमन गर्न बनेको कार्यविधि २०७७** को विविध (१) बमोजिम यस नगर क्षेत्र भित्र ब्यवसायिहरुले ब्यवसायिक प्रयोजनका लागि विभिन्न स्थानमा घाटगद्दीगरिएका तथा थुपारिएका र कशर उद्योगबाट उत्पादित वा प्रशोधित नदिजन्यपदार्थको प्राप्ती को स्रोत खुल्ने कागजात सहित नगरपालिकामा श्रावण १ गते देखि श्रावण १५ गते भित्र सम्पर्कगर्नुहुन सरोकारवाला सवैलाई एक पटककालागि यो १५ दिने सूचना प्रकाशन गरिएको ब्यहोरा जानकारी गराइन्छ । सो समय भित्र ब्यवसायिले आफुसंग रहेको नदिजन्य पदार्थको स्रोत खुल्ने कागजात पेशगरी कार्यालयमा सम्पर्कगरी नदिजन्य पदार्थको दाबी गर्न एंवम स्टक प्रमाणित गराउन सक्नेछ । नगरपालिकाले ब्यवसायी बाट पेश भएको कागजात को आधारमा स्थलगत परिमाण नाप जाँच गरि परिमाण दुरुस्त भएमा ब्यवसायिले स्रोत खुलेको नदिजन्य पदार्थको हकमा प्रतिघनफिट रु.०.५०(पचास पैसा)शुल्क तिरी आफूसंग रहेको मौजदात नगरपालिका बाट प्रमाणित गराउनुपर्नेछ । स्रोत नखुलेको नदिजन्य पदार्थ को हकमा कार्यविधिको दफा ५ को(२) मा तोकिएको शुल्कको दुई गुणा राजश्व तिरी एकपटकका लागि तोकिएको समयमा नदिजन्यपदार्थ बिक्री बितरण तथा ओसारपसार गर्न अनुमति दिईने छ ।स्रोत खुलेको कागजात पेश गर्न नसकेमा र नगरपालिकामा दाबी गर्न नआएमा त्यस प्रकारका नदिजन्य पदार्थ नगरपालिकाले जफत गर्ने ब्यहोरा जानकारी गराइन्छ ।साथै कशर उद्योगबाट उत्पादित वा प्रशोधित नदिजन्य पदाथ को हकमा स्थलगत नापजाँच गर्दा ब्यवसायिबाट पेश भएको परिमाण भन्दा बढी परिमाण भएमा ब्यवसायिले नगरपालिकामा प्रति घन.फुट रु.२।०० (दुई रुपैयाँ) र सो मा लाग्ने कर तिरी बिक्री वितरण तथा ओसार पसार को अनुमतिपत्र लिनु पर्ने छ । नदिजन्यपदार्थको घाटगद्दी गर्न वा गराउन समेत नगरपालिका को अनुमति लिनु पर्ने छ । साथै यस आ.व.२०७७०७८ देखि नगरपालिकामा दर्ता नभई ब्यवसाय संचालन गर्नूभएका ब्यवसायिहरुले अनिवार्यरुपमा आफ्नो ब्यवसाय दर्ता गराउनुहुन जानकारी गराइन्छ । अन्य आवश्यक जानकारीकालागि नगरपालिकाको बाताबरण शाखामा सम्पर्कगर्नुहुन जानकारी गराइन्छ ।

सम्पर्क का लागि
रवि पाण्डे
इन्जिनियर
बाताबरण शाखा
९८४७०३७२६२

.............................
प्रमुख प्रशासकिय अधिकृत
देवदह नगर कार्यपालिकाको कार्यालय
केरवानी ४ रुपन्देही ।

हरिदत्त कँडेल
प्रमुख प्रशासकीय अधिकृत